नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## एसईई परीक्षा सञ्चालन सम्बन्धमा अपिल

२०७५ साल चैत्र १० गतेदेखि सञ्चालन भइरहेको यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत चैत्र १४ गते प्रदेश नं. २ अन्तर्गतका परीक्षा केन्द्रहरूमा सञ्चालन भएको अनिवार्य विज्ञान विषयको परीक्षाको प्रश्नपत्र परीक्षा अगावै बाहिरिएकाले सो विषयको प्रदेश नं. २ अन्तर्गतका परीक्षा केन्द्रमा सञ्चालित परीक्षा रद्द गरी यही चैत्र २२ गते सञ्चालन गर्ने गरी राष्ट्रिय परीक्षा बोर्डबाट निर्णय भएको सर्वविदितै छ । त्यसै गरी सोही प्रदेश अन्तर्गत चैत्र १५ मा सञ्चालन हुने अनिवार्य सामाजिक अध्ययन विषयको प्रश्नपत्र पनि परीक्षा अगावै बाहिरिएको पाइएकाले सो परीक्षा स्थगित गरिएको सूचना समेत प्रकाशित भैसकेको छ । परीक्षाको प्रश्नपत्र बाहिरिएर परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूलाई परेको गम्भीर असरप्रति यस मन्त्रालय दुःख व्यक्त गर्दछ ।

यस सम्बन्धमा छानबिन गरी सत्य तथ्य पत्ता लगाई दोषी उपर कारबाहीको प्रक्रिया अघि बढाउन राष्ट्रिय परीक्षा बोर्डबाट छानबिन समिति गठन गरी आवश्यक अनुसन्धान प्रक्रिया प्रारम्भ गरिसकिएको छ । यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोधमा गृह मन्त्रालयको निर्देशनबमोजिम केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुसन्धान टोली खटाइसकिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री ज्यूको अध्यक्षतामा माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) सञ्चालन तथा व्यवस्थापन उच्चस्तरीय सुरक्षा समितिको आकस्मिक बैठक बसी उत्पन्न परिस्थितिको बारेमा छलफल भई बाँकी विषयका परीक्षाका प्रश्नपत्रहरूका सम्बन्धमा सुरक्षा सतर्कता अपनाउन सबै जिल्ला परीक्षा समन्वय समितिहरूलाई निर्देशन दिइएको छ ।

परीक्षा रद्द र स्थगनबाट विद्यार्थीहरूलाई पर्न गएको असुविधाप्रति अभिभावक, विद्यार्थी लगायत सम्पूर्ण सरोकारवालाहरूले चासो व्यक्त गर्नु स्वभाविकै हो । सुरक्षित वातावरणमा विद्यार्थीले परीक्षा दिन पाउने अधिकारको संरक्षण गर्न सरकार प्रतिबद्ध छ । तसर्थ, आगामी दिनको परीक्षा तयारीमा जुटिराख्न सम्पूर्ण परीक्षार्थीहरूमा हार्दिक अनुरोध गर्दछु । प्रदेश सरकार, स्थानीय तह, अभिभावक, विद्यार्थी संगठन, शिक्षाप्रेमी, शिक्षक समुदाय सबैलाई थप संवेदनशिल भई विद्यार्थीको परीक्षा तयारी र सञ्चालनमा सहजीकरण गर्न अपिल गर्दछु ।

२०७५।१२।१५

............................
खगराज बराल
(सचिव)